# नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागको
## <u>नोट सटही सम्बन्धी सूचना</u>

हिन्दुहरुको महान् चाड वडा दशैं २०७२ को उपलक्ष्यमा नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागद्वारा सदाफैं बैंक तथा वित्तीय संस्थाहरु, सर्वसाधारण नागरिक, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निजामती सेवा लगायतका निकायहरुलाई नयाँ नोट सटही सुविधाको लागि व्यवस्था मिलाइएको व्यहोरा जानकारी गराइन्छ ।

मुलुकको वर्तमान असहज परिस्थितिमा पनि सर्वसुलभ तरिकाले सर्वसाधारणलाई नयाँ नोट उपलब्ध गराउन नेपाल राष्ट्र बैंक प्रतिवद्ध रहेकोले अनावश्यक हल्ला र प्रचार प्रशारमा विश्वास नगर्नु हुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ । साथै, नोट सटही गर्नु हुने सम्बन्धित सबै पक्षले आफुलाई आवश्यक पर्ने परिमाणका नोटहरुमात्र सटही गरी अनावश्यक नोटको संचय नगरी सदाफैं सहयोग पुर्‍याउनु हुनेछ भन्ने अपेक्षा समेत गरेका छौं । नयाँ नोट सटही कार्यको व्यवस्थापन देहाय बमोजिम गरिने व्यहोरा पनि सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई बैंकको केन्द्रीय कार्यालय, वालुवाटारबाट २०७२ आश्विन १८ गते देखि २२ गतेसम्म सटही सुविधा प्रदान गरिनेछ । साथै, उक्त बैंक तथा वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकबाट प्राप्त गरेको नोट आफ्ना विभिन्न शाखाहरु मार्फत २०७२ आश्विन २४ गते देखि मात्र सर्वसाधारणका लागि उपलब्ध गराउनु पर्ने छ ।

२) सर्वसाधारण नेपाली नागरिकहरुका लागि २०७२ आश्विन २४ गते देखि बैंकिङ्ग कारोवार गर्ने समय भित्र नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभागका सटही काउण्टरहरुबाट सटही सुविधा प्रदान गरिने छ ।

३) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल सरकार, निजामती सेवाका कार्यालयहरुलाई सम्बन्धित निकायको पत्रका आधारमा औचित्यता हेरी नोट सटही सुविधा मुद्रा व्यवस्थापन विभाग थापाथलीको काउण्टरबाट २०७२ आश्विन २४ गतेदेखि उपलब्ध गराईने छ ।

४) यस बैंकका उपत्यका बाहिरका कार्यालयहरु र यस बैंक मातहत संचालित नोटकोष रहेका वाणिज्य बैंकहरुले समेत २०७२ आश्विन २४ गतेदेखि मात्र सर्वसाधारणहरुलाई नयाँ नोट सटहीको सुविधा उपलब्ध गराउनु पर्ने छ ।

नेपाल राष्ट्र बैंक
मुद्रा व्यवस्थापन विभाग
थापाथली, काठमाडौं